# मादी गाउँपालिका
# स्थानीय राजपत्र

## मादी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड २ संख्या ३ वैशाख १८ गते, २०७५ साल

## भाग २

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मादी गाउँ कार्यपालिकाले जारी गरेको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

# संवत् २०७५ सालको कार्यविधि नं. ३

## मादी गाउँपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५

स्थानीय स्तरको विकास निर्माणमा निजीक्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरिदको मूलभूत विशेषताहरूलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारिता, जवाफदेहिता, विश्वसनीयता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा स्रोत साधनको उच्चतम उपयोग जस्ता उद्देश्यहरू हासिल गर्न सार्वजनिक निर्माणमा निजी क्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) ले दिएको अधिकार प्रयोग गरी मादी गाउँपालिकाले यो कार्यविधि जारी गरेको छ ।

**(१) इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने :** प्रचलित कानुनमा

मादी गाउँपालिका कास्की

अन्यथा व्यवस्था भएको वाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी "घ" वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन ।

**(२) नयाँ इजाजतपत्र सम्बन्धी व्यवस्था :**

(१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची-१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि यस मादी गाउँपालिकाको कार्यालयमा प्रमूख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरू प्रमूख प्रशासकीय अधिकृतले अनुसूची-५ बमोजिमको योग्यता भए/नभएको सम्वन्धमा सिभिल इन्जिनियर/सव इन्जिनियर सहित सदस्य भएको समितिवाट जाँचवुझ गराउनु पर्नेछ ।

(३) दफा (२) को उपदफा (२) अनुसारको समितिले गरेको सिफारिस सहित प्रमूख प्रशासकीय अधिकृतले इजाजतपत्र प्रदान गर्ने निर्णयका लागि कार्यपालिकाको बैठकमा पेस गर्नुपर्ने छ ।

(४) उपदफा (२) बमोजिम समितिको सिफारिस सहित न्यूनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म/कम्पनीहरूको इजाजतपत्र कार्यपालिकाको निर्णय बमोजिम गाउँपालिकाको प्रमूख प्रशासकीय अधिकृतले इजाजतपत्र बापत अनुसूची-२ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची-३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ ।

**(३) इजाजतपत्रको अवधि र नवीकरण :**

(१) दफा २ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ४ बमोजिम खारेज भएको वा प्रचलित कानुनमा अन्यथा व्यवस्था भएको अबस्थामा बाहेक चालु आर्थिक वर्षको अन्त्य सम्म मात्र मान्य रहने छ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानुन बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरूप सम्बन्धित सङ्घीय/प्रदेश/स्थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नवीकरण सहित सम्वन्धित गाउँपालिकावाट अनुसूची-२ बमोजिमको दस्तुर तिरी नवीकरण गराउनु पर्नेछ । इजाजत पत्र नवीकरण गर्न गाउँपालिकामा कागजात पेस गर्दा अनुसूची-४ बमोजिमको पास वुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म

वा कम्पनीले आफुले गरेको कार्यहरूको अद्यावधिक विवरण समेत पेस गर्नु पर्ने छ । यसरी अनुसूची-४ बमोजिमको पास वुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नवीकरण गर्न गाउँपालिका वाध्य हुने छैन ।

(३) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र सबै प्रकृया पुरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नवीकरण गर्ने माग गरेमा अनुसूची-२ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गरीदिनेछ ।

**४) इजाजतपत्रको खारेजी :**

(१) देहायको अवस्थामा गाउँपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ :

(क) झुठ्ठा विवरण पेस गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा सङ्गठित संस्थामा झुठ्ठा विवरण पेस गरको सम्वन्धित निकायवाट लेखी आएमा,

(ग) सार्वजनिक निकायसँग भएको सम्झौता बमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्वन्धित निकायबाट लेखी आएमा ।

२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेस गर्न मनासिब माफिकको मौका दिइने छ ।

(३) दफा ३ को उपदफा (३) बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र स्वत: खारेज हुने छ ।

(४) उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा गाउँपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

**५) इजाजतपत्रको प्रतिलिपी दिने व्यवस्था :** कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपी पाउन निवेदन गरेमा अनुसूची-२ बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपी दिनु पर्ने छ ।

**६) प्रचलित कानुन बमोजिम हुने :** यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानुन बमोजिम हुने छ ।

**७) बचाउ:** यस अघि प्रचलित कानुन बमोजिम दर्ता भएका ठेक्का वन्दोवस्ती सम्बन्धी फर्म तथा कम्पनीहरूलाई दिइएको इजाजतपत्रहरू यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

माछी गाउँपालिका, कास्की

## अनुसूची - १

## कार्यविधि को दफा २ को उपदफा (१) सँग सम्बन्धीत

## ईजाजतपत्रको लागि दिईने दरखास्त

विषय : इजाजतपत्र पाउँ भन्ने वारे ।

श्री मादी गाउँपालिकाको कार्यालय
थुमाकोडाँडा, कास्की ।

यस मादी गाउँपालिका कार्यालयको कार्यविधि “घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र कार्यविित्र २०७५” बमोजिम सर्वाजनिक निर्माण कार्य गर्नको लागि इजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेस गरिएको छ ।

१. दरखास्त पेस गर्ने फर्म वा कम्पनीको :-
नाम :
ठेगाना :
पोष्ट वक्स : टेलिफोन नं. : फ्याक्स नं. :
इमेल :

२. फर्म वा कम्पनीको प्रकृति
प्राइभेट लिमिटेड कम्पनी पब्लिक लिमिटेड कम्पनी
एकलौटी साझेदारी
(कोष्ठमा रेजा लगानु पर्ने छ)

३. सम्पर्कको लागि फर्मको आधिकारीक व्यक्तिको :-
नाम :
ठेगाना : पोष्ट वक्स :
टेलिफोन नं. : फ्याक्स नं. : इमेल :

४. फर्म वा कम्पनीको विवरण :-
दर्ता नं. : दर्ता मिति :
अधिकृत पूँजी :- जारी पूँजी :
दर्ता गर्ने कार्यालयको नाम र ठेगाना :

५. इजाजत पत्र लिन चाहेको वर्ग : (घ) वर्ग

६. सामूहीकरण हुन चाहेको समूह :

७. आर्थिक श्रोतको विवरण :

| | रकम | वित्तिय संस्था/वैंकको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |

मादी गाउँपालिका, कास्की

| | | |
|---|---|---|
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| वचत खाता | | |

उल्लेखित विवरण बहेक अन्य विवरण भए छुटै पेस गर्न सकिनेछ ।

८. कामदारको विवरण : (क) प्राविधिक :
(ख) अप्राविधिक : (ग) अन्य :

प्राविधिक कर्मचारीको ऋभचतषष्अबतभ को प्रतिलिपि तथा निजको मञ्जुरीनामा पेस गर्नुपर्ने छ ।

९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजारको विवरण :

| क्र.स. | नाम तथा विवरण | दर्ता नं. | क्षमता संख्या | मुल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |

द्रष्टव्यःयस विवरणमा उल्लेखित सवारी साधन तथा मेशिनरी औजारहरूको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेशिनरी औजारहरू चालु हालतमा रहेको छ । भनि मेकानिकल इन्जिनियर द्धारा प्रमाणित भएको हुनुपर्ने छ ।

१०. यस अघि सम्पन्न गरेको कामको विवरण :

| क्र.स. | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयको नाम | कमाको अवस्था (प्रगति प्रतिशतमा) |
|---|---|---|---|---|---|
| | | | | | |

११. करचुक्ता गरेको प्रमाण कागजात :

क. ख. ग.

यस दरखास्त फाराममा उल्लेखित सम्पूर्ण व्यहोरा ठिक साँचो छ । झुठ्ठा ठहरे कानुन बमोजिम सहुँला वुझाँउला ।

निर्माण व्यवसायिको छाप

दरखास्तवालाको : दस्तखत :

मिति :

द्रष्टव्य : यस दरखास्त फाराम साथ दरखास्त फाराममा उल्लेख भएको व्यहोरा पुष्टि गर्न सम्बन्धीत कागजातको प्रमाणित प्रतिलिपि संलग्न गर्नुपर्ने छ र कार्यालयले माग गरेको बखत सक्कल कागजात पेस गर्नूपर्ने छ ।

माडी गाउँपालिका, कास्की

## अनुसूची - २

## कार्यविधिको दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३) सँग सम्बन्धीत

| क्र.स. | निर्माण व्यवसायी को वर्ग | इजाजतपत्र दस्तुर | इजाजतपत्र नवीकरण दस्तुर | इजाजतपत्र नवीकरण थप दस्तुर | इजाजतपत्र प्रतिलिपि दस्तुर |
|---|---|---|---|---|---|
| १ | घ | | | | |

द्रष्टव्य : 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५ बमोजिमका दफा ३ को उपदफा (२) बमोजिम म्यादभित्र ईजाजतपत्र नवीकरण गराउँदा ईजाजतपत्र नवीकरण थप दस्तुरको महलमा उल्लेखित दस्तुर मात्र तिर्नुपर्ने छ ।

इजाजत पत्र दस्तुर, नवीकरण दस्तुर तथा नवीकरण थप दस्तुर गाउँपालिकाको आर्थिक ऐनमा तोके बमोजिम हुनेछ ।

माद्दी गाउँपालिका, कास्की

## अनुसूची - ३

### कार्यविधि को दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३) सँग सम्बन्धीत

### इजाजतपत्र

इजाजतपत्र नं. .................. मिति : ...............

मादी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
थुमाकोडाँडा, कास्की

घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि २०७५ को दफा २ को उपदफा (४) बमोजिम निर्माण व्यवसाय गर्न ....................................... ...................... स्थित कार्यालय भएको ....................................... ............................................... फर्म वा कम्पनीलाई इजाजतपत्र प्रदान गरिएको छ ।

ई जा जत प त्र

दिनेको :

(घ)
वर्ग

दस्तखत:
नाम :
पद :
मिति :
कार्यालय :

(यस वृत्ति भित्र कुन वर्ग लेख्नुपर्ने हो सोही वर्ग लेख्ने)

प्रोप्राईटर : ...........................................................
ठेगाना : ..............................................................
नवीकरण :

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तुर भौचर नं. र मिति | नवीकरण अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

मादी गाउँपालिका, कास्की

# अनुसूची - ४

## निर्माण व्यवसायीवाट भएका सार्वजानिक निर्माण कार्यको अभिलेख विवरण (पासवुक)

| क्र.स. | आयोजनाको नाम | सार्वनिक निकायको विवरण | संयुक्त उपक्रमको नाम (यदीमा) | शेयर ( ) | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फबाट हास्ताक्षर गर्ने पदाधिकारीको विवरण | समयावधि थप विवरण (यदी भएमा) | ख्बचष्बतष्यल को विवरण (यदी भएमा | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क) ठेक्का रकम ...... ख)सम्झौता मिति ....... ग) ठेक्का अवधि ..... | क) नाम : ..... ख) पद : ...... ग) हस्ताक्षर ...... घ) छाप : .......... | क. थप समय : क) नाम : ..... ख) पद : ...... ग) हस्ताक्षर ......घ)निर्णय मिति छाप : .......... | क) ख्बचष्बतष्यल पछिको ऋयलतचबअत ञ्यगलत क) ख्बचष्बतष्यल को निर्णय गर्ने पदाधिकारीको नाम : ..... ख) पद : ...... ग) हस्ताक्षर ...... घ)निर्णय मिति छाप : .......... | क) सम्पन्न रकम : ..... ख) सम्पन्न मिति :.... ग) सम्पन्न प्रतिशत ..... घ) नाम : ... पद: ..... हस्ताक्षर.... छाप.... | क) अन्तिम ठेक्का रकम : ........ख) सम्पन्न मिति :..... नाम : .... पद: .....हस्ताक्षर.... छाप.... | |

माद्री गाउँपालिका, कास्की

## अनुसूची - ५

## “घ” वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

१. आर्थिक क्षमता : प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रूपमा घटीमा पाँच लाख रूपैयाँको चालु पूँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्ने छ ।

२. मुख्य जनशक्ति विवरण : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ विषयमा कम्तीमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्ने छ ।

३. मेशीन र उपकरण :

(क) ट्रिपर /टयाक्टर (एक/एक थान)

(ख) मिक्सर (एक थान)

(ग) Theodolite/Level Machine (एक सेट)

(घ) वाटर पम्प (तीन थान)

(ङ) भाइब्रेटर (तीन थान)

**द्रष्टव्य :**

१. उपकरणको नामावली पेस गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरू पेस गर्नु पर्ने छ ।

२. माथि उल्लिखित यान्त्रिक उपकरणहरू ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्ने छ ।

३. माथि उल्लिखित यन्त्र उपकरणहरू दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्नपाइने छैन ।

४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरू निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।

**आज्ञाले,**

**नारायण प्रसाद अधिकारी**

**प्रमुख प्रशासकीय अधिकृत**